# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।११।१६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको ।

जिल्ला सप्तरी कञ्चनरुप नगरपालिका वडा नं.-४ स्थित नापी कार्यालय, कञ्चनपुरमा कार्यरत निमित्त कार्यालय प्रमुख, सर्वेक्षक हरिचन्दर ठाकुरले जग्गाको कित्ता काट गरी दिने भनी लेखापढी व्यवसायी अरुण कुमार यादवमार्फत सेवाग्राहीसँग अतिरिक्त रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट खटिई गएको टोलीले निज सर्वेक्षक हरिचन्दर ठाकुर र लेखापढी व्यवसायी अरुण कुमार यादवलाई सेवाग्राहीबाट रु. १५,०००।– (पन्ध्र हजार रुपैयाँ) अतिरिक्त रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा नापी कार्यालय कञ्चनपुर, सप्तरीमा कार्यरत सर्वेक्षक हरिचन्दर ठाकुरले सेवाग्राहीको जग्गा कित्ताकाट प्रयोजनको लागि रु. १५,०००।— घुस रिसवत माग गरी सो रकम लेखनदास अरुण कुमार यादवमार्फत मञ्जुर गरेको पुष्टि हुन आएकोले निज सर्वेक्षक हरिचन्दर ठाकुरको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर भएको हुँदा निजलाई बिगो रु. १५,०००।— (पन्ध्र हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

साथै, लेखनदास अरुण कुमार यादवले पटक-पटक नापी सर्वेक्षक हरिचन्दर ठाकुरसँग कुरा गरी सेवाग्राहीको जग्गा कित्ताकाट गर्ने कामको लागि के कति अतिरिक्त रकम चाहिन्छ भनी मोलाहिजा गरी सर्वेक्षक हरिचन्दर ठाकुरलाई मनाई घुस/रिसवत रु. १५,०००।— आफूले लिएको हुँदा निज लेखनदास अरुण कुमार यादवको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) अनुसारको कसुर भएको हुँदा निजलाई बिगो रु. १५,०००।— (पन्ध्र हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र ३५ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल